# नवदुर्गा राजपत्र


## नवदुर्गा गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ९ संख्या १३ मिति २०८२ श्रावण २ गते


## भाग १

## नवदुर्गा गाउँपालिकाको सूचना

सुदूरपश्चिम प्रदेशको स्थानीय तहको कानुन निर्माण प्रक्रिया ऐन, २०७५ को दफा २४ को उपदफा (५) बमोजिम बमोजिम सर्वसाधारण जनताको जानकारीका लागि यो ऐन प्रकाशन गरिएको छ;

संवत् २०८२ को ऐन नं १३

**<u>संघ, संस्था दर्ता ऐन, २०८२</u>**

**<u>प्रस्तावनाः</u>** सामाजिक, धार्मिक, साहित्यिक, सांस्कृतिक, वैज्ञानिक, शैक्षिक, बौद्धिक, शारीरिक, आर्थिक, व्यवसायिक

तथा परोपकारी संस्था तथा समूहहरुको स्थापना तथा सञ्चालन सम्बन्धी स्थानीय सरकार संचालन ऐन २०७४ दफा ११ को उपदफा (४) (ठ) ले प्रदान गरेको अधिकार कार्यान्वयन गर्न कानुनी व्यवस्था गर्न बाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२६ बमोजिम नवदुर्गा गाउँपालिकाले यो ऐन बनाएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम तथा प्रारम्भः** (१) यस ऐनको नाम **"संघ, संस्था दर्ता ऐन, २०८२"** रहनेछ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा**ः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा;

(क) "अन्तराष्ट्रिय गैरसरकारी संस्था" भन्नाले अन्य राष्ट्रमा दर्ता भई प्रचलित कानुन बमोजिम अनुमति लिई काम गर्ने संस्थालाई सम्झनु पर्छ।

(ख) "ऐन" भन्नाले नवदुर्गा गाउँपालिकाको सम्झनु पर्छ।

(ग) "कार्य समिति" भन्नाले यस ऐन बमोजिम गठन भएका संस्थाको विधान अनुसार गठन भएको कार्यसमिति समिति सम्झनु पर्छ।

(घ) "कार्यपालिका" भन्नाले नवदुर्गा गाउँ कार्यपालिका भन्ने सम्झनु पर्छ।

(ङ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(च) "दातृ निकाय" भन्नाले सामाजिक आर्थिक विकास कार्यमा प्रचलित कानुन बमोजिम सहयोग गर्ने द्विपक्षीय तथा बहुपक्षीय विकास साझेदार सम्झनु पर्छ।

(छ) "विधान" भन्नाले यो ऐन अनुसार स्थापित हुने संस्थाको विधान भन्ने सम्झनु पर्छ।

नवदुर्गा गाउँपालिका

(ज) "संस्था" भन्नाले सामाजिक, धार्मिक, साहित्यिक, सांस्कृतिक, वैज्ञानिक, शैक्षिक, बौद्धिक, सैद्धान्तिक, शारीरिक, आर्थिक, व्यवसायिक तथा परोपकारी कार्यहरुको विकास एवं विस्तार गर्ने उद्धेश्यले स्थापना भएको संघ संस्था, क्लब, मण्डल, परिषद्, अध्ययन केन्द्र आदि सम्झनु पर्छ र सो शब्दले मैत्री संघ समेतलाई जनाउँछ।

(झ) "स्थानीय अधिकारी" भन्नाले गाउँपालिकाले तोकिदिएको अधिकारी सम्झनु पर्छ र त्यसरी अधिकारी नतोकिएकोमा प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ।

## परिच्छेद -२

## संघ संस्था दर्ता तथा नविकरण

३. **दर्ता नगरी संस्था खोल्न नहुनेः** (१) यस ऐन बमोजिम दर्ता नगरी कसैले पनि गाउँपालिका क्षेत्र भित्र संस्था खोल्न हुदैन।

(२) संविधान र प्रचलित कानुनले निषेध गरेका कुनै पनि कार्य गर्ने उद्देश्य भएको संस्था दर्ता गरिने छैन।

(३) यस दफाको प्रतिकुल हुनेगरी दर्ता भएमा त्यस्तो संस्थाको दर्ता स्वतः बदर हुनेछ।

४. **संस्थाको दर्ताः** (१) संस्था स्थापना गर्न चाहने ९ देखि बढीमा १५ जना व्यक्तिहरुले आवश्यकता अनुसार पदाधिकारी राखी संस्था सम्बन्धी देहायको विवरण खुलाई संस्थाको विधानको एक प्रति र तोकिएको दस्तुर सहित स्थानीय अधिकारी समक्ष अनुसूची-१ बमोजिम निवेदन दिनु पर्नेछ;

(क) संस्थाको नाम,

(ख) उद्देश्यहरु,

(ग) कार्य समितिका पदाधिकारी र सदस्यहरुको नाम, ठेगाना र पेशा,

(घ) आर्थिक स्रोत, र

(ङ) कार्यालयको ठेगाना।

(२) उपरोक्त अनुसार खुलेको निवेदनमा तपसिल अनुसारका कागजातहरु संलग्न भएको हुन पर्नेछ।

नवदुर्गा गाउँपालिका

(क) सम्बन्धित वडाको सिफारिस,

(ख) कार्यसमितिका सदस्यहरुको नागरिकताको प्रमाणित प्रतिलिपि,

(ग) संस्थाको प्रमाणित बिधान (कार्य समितिका पदाधिकारी र सदस्यहरु सबैको प्रस्तावित बिधानको तल माथि हस्ताक्षर भएको)

(३) उपदफा (१) र (२) बमोजिमको निवेदन प्राप्त भएपछि स्थानीय अधिकारीले आवश्यक जाँचबुझ गरी संस्था दर्ता गर्न उचित ठानेमा गाउँ कार्यपालिकाको बैठकमा पेश गर्नुपर्नेछ।

(४) गाउँ कार्यपालिकाले संस्था दर्ता गर्न उचित ठानी निर्णय गरेमा स्थानीय अधिकारीले संस्था दर्ता गरी दर्ताको प्रमाणपत्र दिनेछ।

(५) यस दफा अन्तर्गत दिइने प्रमाणपत्रको ढाँचा अनुसुची -२ अनुसार हुनेछ र सो वापत लाग्ने दर्ता तथा नविकरण दस्तुर गाउँपालिकाले तोकेबमोजिम हुनेछ।

(६) कार्यपालिकाले कुनै संस्था दर्ता नगर्ने निर्णय गरेमा त्यसको सूचना १५ दिन भित्र

निवेदकलाई दिनु पर्नेछ र निवेदकले सूचना प्राप्त गरेको मितिले ३५ दिनभित्र तोकिएको अदालत समक्ष उजुरी दिन सक्नेछ।

(७) उपदफा (२) को खण्ड (ग) बमोजिम संस्थाको बिधानको ढाँचा तोकिएबमोजिम हुनेछ।

**५.** **<u>अघि दर्ता भई स्थापना भएका संस्थाले दर्ता नविकरण गर्ने</u>**: यो ऐन प्रारम्भ हुनुभन्दा अघि तत्काल प्रचलित कानुन बमोजिम गाउँपालिका क्षेत्रमा केन्द्रीय कार्यालय रहेका संस्थाहरुले तोकिएको दस्तुर बुझाई नविकरण गरेमा यसै ऐन अनुसार दर्ता भएको मानिनेछ।

**६.** **<u>संगठित संस्था मानिने</u>**: (१) यस ऐन अन्तर्गत दर्ता भएको प्रत्येक संस्था अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्था हुनेछ।

(२) सो संस्थाको सबै कामको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ।

(३) संस्थाले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न र गाउँ कार्यपालिकाको अनुमति लिई वेचबिखन गर्न सक्नेछ।

(४) संस्थाले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजूर गर्न सक्नेछ र सो उपर पनि सोही नामबाट नालिस उजूर लाग्नेछ।

७. **<u>कार्यानुमति लिनु पर्नेः</u>** (१) यो ऐन प्रारम्भ हुनुभन्दा अघि तत्काल प्रचलित कानुन बमोजिम अन्यत्र दर्ता भएका र हाल यस गाउँपालिका क्षेत्रमा कार्य गर्न चाहने सबै संस्थाहरुले देहायका कागजातहरु सहित निवेदन दिई स्थानीय अधिकारीबाट कार्यानुमति प्रमाणपत्र प्राप्त गर्न सक्नेछन्।

(क) संस्था दर्ता प्रमाण पत्र

(ख) करचुक्ता प्रमाण पत्र

(ग) कार्यक्रमको सम्बन्धी जानकारी पत्र

(घ) तोकिएको दस्तुर बुझाएको रसिद

(२) उपदफा (१) बमोजिम कार्यानुमति प्रमाणपत्र प्राप्त गरेपछि मात्र गाउँपालिका क्षेत्रमा कार्य गर्ने अनुमति भएको मानिनेछ।

८. **<u>नविकरण र प्रतिवेदन सम्बन्धी व्यवस्थाः</u>** (१) दर्ता भएका संस्थाहरुले प्रत्येक आर्थिक बर्ष समापन भएको ३ महिना भित्र संस्थाको बार्षिक प्रगति प्रतिवेदन संलग्न गरी नविकरणका लागि निवेदन पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएमा स्थानीय अधिकारीले संस्था नविकरण गरिदिनु पर्नेछ।

(३) नविकरण दस्तुर गाउँपालिकाले तोकेबमोजिमको हुनेछ।

९. **<u>संस्थाको उद्देश्यहरुमा हेरफेरः</u>** (१) संस्थाको उद्देश्यहरुमा हेरफेर गर्न आवश्यक देखेमा वा सो संस्थालाई कुनै अर्को संस्थामा गाँभ्न उचित देखेमा सो संस्थाको कार्य समितिले तत्सम्बन्धी प्रस्ताव तयार गरी सो प्रस्ताव उपर छलफल गर्न संस्थाको विधान बमोजिम साधारण सभा बोलाउनु पर्नेछ।

(२) साधारण सभामा उपस्थित भएका जम्मा सदस्य सङ्ख्याको दुई तिहाई सदस्यहरुले प्रस्तावमा समर्थन जनाएमा सो प्रस्ताव साधारण सभाबाट पारित भएको मानिनेछ।

तर, सो प्रस्ताव लागू गर्न स्थानीय अधिकारीको पूर्व स्वीकृति लिनु पर्नेछ।

## परिच्छेद ३

## <u>समूह सूचिकरण तथा नियमन सम्बन्धी व्यवस्था</u>

१०. **<u>समूह सूचिकरण गर्नुपर्नेः</u>** (१) गाउँपालिका क्षेत्रमा गठन भई संचालनमा रहेका समूहहरु सम्बन्धित वडा कार्यालयमा अनिवार्य सूचिकरण गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सूचिकरण नगरी समूहमा बचत संकलन, ऋण परिचालन जस्ता आर्थिक गतिबिधिहरु संचालन गर्न पाईनेछैन।

(३) समूह सूचिकरण, नविकरण र नियमन सम्बन्धी कार्यबिधि गाउँ कार्यपालिकाले तोकेबमोजिम हुनेछ।

(४) यस दफा बमोजिम सूचिकरण गरिने समूहहरु सूचिकरणका लागि अनुसूची -३ बमोजिम वडा कार्यालयमा दर्ताका लागि निवेदन दिनु पर्नेछ र यस्तो समूहको लागि छुट्टै विधान आवश्यक पर्ने छैन।

(५) दफा ४ बमोजिम पेश भए निवेदन उपर छानवीन गरी मनासिव भएमा वडा कार्यालयले **अनुसूची** -४ बमोजिमको समूह सूचिकरण प्रमाण पत्र जारी गर्नेछ।

११. **विवरण पेश गर्नु पर्नेः** (१) दफा १० बमोजिम वडा कार्यालयमा दर्ता भई संचालनमा रहेका समूहहरुले तोकिएको ढाँचामा बार्षिक वा वडा कार्यालयबाट माग भए बमोजिम विवरण पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम विवरण पेश नगर्ने समूहको वडा कार्यालयले दर्ता खारेजी गर्न सक्नेछ। यसरी कारणबस समूह खारेज भएमा समूहको

दायित्वको फरफारक गरी बाँकी रहने सम्पूर्ण जायजेथा गाउँपालिकाको हुनेछ।

## परिच्छेद ४

## समन्वय तथा परिचालन

१२. **समन्वयमा कार्य गर्नु पर्नेः** (१) यस ऐन बमोजिम दर्ता भएका संघ संस्था वा गाउँपालिकामा कार्यक्षेत्र बनाई प्रदेश तथा संघीय निकायमा दर्ता भएका गैरसरकारी संघ संस्था संस्थाले गाउँपालिकाको समन्वयमा रही कार्य गर्नु पर्नेछ।

तर, कुनै अन्तर्राष्ट्रिय गैरसरकारी संघ संस्थाले गाउँपालिकासँग समन्वयमा काम गर्दा त्यस्तो कामको लागि नेपाल सरकारको पूर्व स्वीकृति लिएको हुनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम गाउँपालिकासँग समन्वय गर्दा देहाय बमोजिम गर्नु पर्नेछः—

(क) गाउँपालिकासँग भएको सम्झौताका आधारमा कुनै अध्ययन, सर्वेक्षण वा कार्यक्रम सञ्चालन गर्ने,

(ख) आफ्नो वार्षिक योजना, कार्यक्रम तथा बजेट

गाउँपालिकालाई उपलब्ध गराउने, र

(ग) गाउँपालिकाले तोकेको संयुक्त अनुगमन तथा प्रगति प्रतिवेदन प्रणाली अपनाउने।

(३) संघ संस्थाको समन्वय तथा परिचालन सम्बन्धी कार्यविधि गाउँ कार्यपालिकाले तोके बमोजिम हुनेछ।

१३. **निर्देशन दिन सक्नेः** (१) गाउँपालिकाले संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित संस्थाको कर्तव्य हुनेछ।

(२) गाउँपालिका क्षेत्रमा कुनै समूहले बचत संकलन र ऋण परिचालनमा काम गरिरहेको र समुदायबाट संकलित बचत वा समूहको रकम जोखिममा रहेको भनी अनुगमन समितिले सिफारिस गरेमा उक्त रकमलाई तत्काल संकलन गरी वडा कार्यालयमा पेश गर्न समूहको कार्यसमितिलाई आदेश दिन सक्नेछ।

(३) उपदफा (२) बमोजिम गाउँपालिकाको आदेशको पालना गर्नु सबै समूहको कर्तव्य हुनेछ ।

नवदुर्गा गाउँपालिका

(४) वडा कार्यालयले उपदफा (२) बमोजिम जम्मा भएको रकम बचतकर्तालाई फेर्ता गरिदिन सक्नेछ।

## परिच्छेद -५

## संस्थाको सम्पत्ति तथा हिसाव सम्बन्धी व्यवस्था

१४. **संस्थाको सम्पत्तिः** (१) संस्थाको सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले संस्थाको विधान विरुद्ध संस्थाको कुनै सम्पत्ति दुरुपयोग गरेमा, कब्जा गरेमा वा रोक्का राखेमा स्थानीय अधिकारीले त्यस्तो सम्पत्ति दुरुपयोग गर्ने, कब्जा वा रोक्का राख्नेबाट लिई संस्थालाई फिर्ता बुझाई दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको संस्थाको सम्पत्ति फिर्ता गर्ने गरी स्थानीय अधिकारीले गरेको कारबाहीमा चित्त नबुझ्ने व्यक्ति कानुनी उपचारमा जान सक्नेछ।

१५. **हिसाबको विवरण पठाउनु पर्नेः** कार्य समितिले आफ्नो संस्थाको हिसाबको विवरण, लेखापरीक्षकको प्रतिवेदन प्रत्येक वर्ष नविकरण गर्दा सम्वन्धित वडाको सिफारिस सहित गाउँपालिकालाई बुझाउनु पर्नेछ।

१६. **हिसाब जाँच गर्नेः** (१) स्थानीय अधिकारीले आवश्यक देखेमा संस्था तथा समूहको हिसाब आफूले नियुक्त गरेको कुनै अधिकृतद्धारा जाँच गराउन सक्नेछ।

(२) हिसाव जाँच गर्ने अधिकृतले मागेको विवरण तथा कागजपत्रहरु वा सोधेको प्रश्नको जवाफ दिनु संस्थाको पदाधिकारी, सदस्य र कर्मचारीको कर्तव्य हुनेछ।

(३) हिसाब जाँच गर्ने अधिकृतले स्थानीय अधिकारीले तोकिदिएको म्यादभित्र हिसाब जाँचको प्रतिवेदन स्थानीय अधिकारी समक्ष पेश गर्नु पर्नेछ र सो प्रतिवेदनको आधारमा संस्थाको कुनै सम्पत्ति सो संस्थाको कुनै पदाधिकारी, सदस्य वा कर्मचारीले हिनामिना गरेको, नोक्सान गरेको वा दुरुपयोग गरेको छ भन्ने स्थानीय अधिकारीलाई लागेमा निजले त्यस्तो पदाधिकारी, सदस्य वा कर्मचारीबाट सो हानि नोक्सानी असुल गर्न प्रचलित कानुन बमोजिम कारबाही चलाउन सक्नेछ।

तर, प्रचलित कानुनले सजाय समेत हुने अपराध भएकोमा प्रचलित कानुन बमोजिम हुनेछ।

## परिच्छेद ६

## जरिवाना सम्बन्धी व्यवस्था

१७. **जरिवाना**: कुनै व्यक्तिले देहायका कार्य गरेमा गाउँपालिकाले देहाय बमोजिम जरिवाना गर्न सक्नेछ;

(क) ऐनको दफा ३ बमोजिम संस्था दर्ता नगरी सञ्चालन गरेमा रु

पाँच हजार जरिवाना गरी संस्था तत्काल दर्ता गर्न निर्देशन दिन सकिने,

(ख) दफा ४ बमोजिम तोकिएको समयमा संस्था नविकरण नगरेमा तोकिएको दस्तुरको दोब्बर दस्तुर लाग्नेछ भने लगातार ३ पटक भन्दा नविकरण नगरेमा संस्था खारेज गरिनेछ,

(ग) दफा ७ बमोजिम कार्यानुमति नलिई कार्य गरेमा रु पाँच हजार देखि दश हजार जरिवाना र तत्काल कार्यानुमति लिन निर्देशन दिन सकिने,

(घ) दफा ८ र ९ विपरित कार्य गरेमा रु तीन हजार जरिवाना गर्न सकिने,

(ङ) दफा १० र ११ बमोजिम समूह सूचिकृत र विवरण पेश नगरेमा समूहको कार्य समितिलाई तत्काल तोकिएको

नवदुर्गा गाउँपालिका

कार्य गर्न एक पटक निर्देशन दिने र उक्त निर्देशनको पालना नगरेमा कार्य समिति अध्यक्ष वा प्रमुखलाई रु पाँच सय जरिवाना गर्न सकिने,

(च) दफा १२ विपरीत कुनै सङ्घ संस्थाले काम गरेमा गाउँपालिकाले त्यस्तो काम कारबाहीको कार्यान्वयन गर्न रोक लगाउन सक्ने, र

(छ) दफा १३ बमोजिम गाउँपालिकाको निर्देशन उलंघन गरी समूहमा रहेको बचत हिनामिना गरेमा प्रचलित कानुन बमोजिम असूल उपर गरिनेछ।

१८. **<u>पुनरावेदन</u>**ः दफा १८ बमोजिमको जरिवाना गर्ने निर्णयमा चित्त नबुझेमा सम्बन्धित व्यक्ति वा संस्थाले जिल्ला अदालतमा पुनरावेदन गर्न सक्नेछ।

## परिच्छेद ७

## बिबिध

१९. **<u>संस्थाको विघटन र त्यसको परिणाम</u>**ः (१) यस ऐन बमोजिम गठित संस्थाले आफ्नो विधान बमोजिम कार्य

सञ्चालन गर्न नसकी वा अन्य कुनै कारणवस संस्था विघटन भएमा त्यस्तो संस्थाको सम्पूर्ण जायजेथा गाउँपालिकामा सर्नेछ।

(२) उपदफा (१) बमोजिम विघटन भएको संस्थाको दायित्वको हकमा सो संस्थाको जायजेथाले थामेसम्म त्यस्तो दायित्व गाउँपालिकाले व्यहोर्ने छ।

२०. **<u>अनुगमन गर्ने</u>:** (१) संस्था तथा समूहको अनुगमन गाउँपालिका उपाध्यक्षको संयोजकत्व रहेको अनुगमन समितिले गर्नेछ।

(२) उपदफा (१) बमोजिम अनुगमन गर्दा सम्बन्धित संस्थाको प्रतिनिधि तथा सम्बन्धित बिषय बिज्ञ समेतलाई अनुगमन टोलीमा संलग्न गराईनेछ।

२१. **<u>नियम बनाउन सक्ने</u>:** यस ऐनको कार्यान्वयनका लागि आवश्यक पर्ने कार्यविधि, नियमावली, मापदण्ड बनाई लागु गर्न सक्नेछ।

२२. **<u>खारेजी र बचाउ</u>**: संस्था दर्ता ऐन, २०३४ अनुसार दर्ता गरी यस गाउँपालिकाको भौगोलिक क्षेत्र कार्यक्षेत्र रही सञ्चालनमा रहेका संस्था यस ऐन अन्तर्गत दर्ता भए सरह मानिनेछ।

तर, यसरी गठन भएका संस्थाले यस ऐन ५ बमोजिम नविकरण गर्नु पर्नेछ।

अनुसूची **-१**

*(दफा ४ को उपदफा (१) सँग सम्बन्धित)*

**संस्था दर्ताको लागि दिइने निवेदन**

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू

नवदुर्गा गाउँ कार्यपालिकाको कार्यालय,

डडेल्धुरा

**विषयः संस्था दर्ता गरिदिने बारे।**

यस नवदुर्गा गाउँपालिकाको **स्थानीय संघ, संस्था तथा समूह दर्ता तथा नियमन ऐन,** २०८२ को दफा ४ (१) बमोजिम देहायको संस्था दर्ता गरी पाउन वडा समितिको सिफारिस, प्रारम्भिक भेलाको उपस्थिति तथा निर्णयको एक प्रति र संस्थाको विधान एक प्रति संलग्न गरी संस्था दर्ताका लागि यो निवेदन पेश गरेका छौं।

**तपसिल**

संस्थाको प्रस्तवित नामः ........................................

ठेगानाः ....................................

**निवेदक**,

क्र. सं. तर्दथ समितिका सदस्यको नाम पद दस्तखत

१.

२.

३.



नवदुर्गा गाउँपालिका

४.

५.

६.

७.

८.

९.

मितिः—..............................

नवदुर्गा गाउँपालिका

अनुसूची २

*(दफा ४ को उपदफा ५ सँग सम्बन्धित)*

## संघ संस्था दर्ता प्रमाण पत्रको नमुना

## नवदुर्गा गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

## डडेल्धुरा

## संस्था दर्ता प्रमाण—पत्र

दर्ता नं...... मितिः ............

नवदुर्गा गाउँपालिका वडा नं...... स्थित...........................................मा स्थापना भएको...................................................संस्थालाई यस गाउँ कार्यपालिकाको मिति.............................को निर्णय अनुसार नवदुर्गा गाउँपालिकाको स्थानीय संघ, संस्था तथा समूह दर्ता तथा नियमन ऐन, २०८२ दफा ४ उपदफा (५) बमोजिम दर्ता गरी यो प्रमाण-पत्र प्रदान गरिएको छ। साथै यस गाउँपालिकाको आर्थिक, सामाजिक, भौतिक पूर्वाधार, शहरी सुशासन लगायतका क्षेत्रमा संस्थाको सकृय सहभागिताको अपेक्षाका साथै उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दछु।

...................................

प्रमुख प्रशासकीय अधिकृत

अनुसूची **-३**

*(दफा १० को उपदफा (४) सँग सम्बन्धित)*

**समूह सूचिकरणको लागि दिइने निवेदन**

मितिः......................

श्री वडा अध्यक्ष ज्यू

...नं. वडा कार्यालय,

नवदुर्गा गाउँपालिका, डडेल्धुरा

**विषयः समूह सूचिकरण गरिदिने बारे।**

यस नवदुर्गा गाउँपालिकाको **स्थानीय संघ, संस्था तथा समूह दर्ता तथा नियमन ऐन,** २०८२ को दफा १० (४) बमोजिम हामी तपसिलका व्यक्तिहरुले देहायको समूह गठन गरी समूह सूचिकरणका लागि यो निवेदन पेश गरेका छौं।

(क) प्रस्तावित समूहको नामः

(ख) समूहका प्रमुख उद्देश्यहरुः

- 
- 

(ग) समूहको कार्यक्षेत्रः

(घ) समूहका प्रमुख कार्यहरुः

- 
- 



नवदुर्गा गाउँपालिका

(ङ) कार्य समितिको कार्यकालः *(कार्य समितिको कार्यकाल बढिमा २ बर्ष भन्दा बढि हुनु हुदैन)*

**(च) समूहको कार्य समिति र सदस्यहरुको विवरण**

| क्र स | नामथर | पद | बाबु वा पतिको नाम | नागरिकता नं | हस्ताक्षर |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

नवदुर्गा गाउँपालिका

अनुसूची ५

*(दफा १० को उपदफा ५ सँग सम्बन्धित)*

**<u>समूह दर्ता प्रमाण पत्रको नमुना</u>**

**नवदुर्गा गाउँपालिका**

**.... वडा समितिको कार्यालय**

**नवदुर्गा गाउँपालिका, डडेल्धुरा**

**<u>समूह सूचिकरण प्रमाण—पत्र</u>**

दर्ता नं...... मितिः .............

नवदुर्गा गाउँपालिका वडा नं...... स्थित................................................मा स्थापना भएको...........................................................समूहलाई यस वडा कार्यालयको मिति........................को निर्णय अनुसार नवदुर्गा गाउँपालिकाको **स्थानीय संघ, संस्था तथा समूह दर्ता तथा नियमन ऐन, २०८२** दफा १० उपदफा (५) बमोजिम सूचिकरण गरी यो प्रमाण-पत्र प्रदान गरिएको छ।

समूदायको सशक्तिकरण र विकासका क्षेत्रमा समूहको सकृय सहभागिताको अपेक्षाका साथै उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दछु।

.........                                   ...........

वडा सचिव                                   वडा अध्यक्ष

**आज्ञाले**

हर्ष बहादुर रोका

प्रमुख प्रशासकीय अधिकृत